कम्पनीले आफ्नो जारी पूँजी रु.३ अर्ब २० करोडको २५% अर्थात रु.८०,००,००,०००/- (अक्षरेपी असी करोड मात्र) रकम बराबर प्रति शेयर रु.१००/- अंकित मूल्यको ८०,००,००० (असी लाख मात्र) कित्ता साधारण शेयर मध्ये आयोजना प्रभावित क्षेत्रका स्थानिय स्थायी बासिन्दाहरुलाई जारी पूँजीको १०% अर्थात ३२,००,००० कित्ता (जस मध्ये आयोजना अति प्रभावित क्षेत्र दोर्दी गाँउपालिकाका वडा नं. ६ र ७ (तत्कालिन ढोढेनी र फलेनी गा.वि.स.) का स्थानीय बासिन्दाहरुका लागि ३०% अर्थात ९,६०,००० कित्ता तथा लमजुङ्ग जिल्लाका स्थानीय बासिन्दाका लागि ७०% अर्थात २२,४०,००० कित्ता) निष्काशन गरिएको ।

दरखास्त दिनु पर्ने न्यूनतम् शेयर संख्या : १० कित्ता

दरखास्त दिन पाउने अधिकतम् शेयर संख्या : १,००,००० कित्ता

दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्गस् नेपाल लिमिटेड पुतलीसडक, काठमाण्डौंबाट मिति २०७८/०९/२२ मा इस्यूर रेटिङ्ग गराई "[CARE-NP-BB (Is) [Double B (Issuer)]" प्रमाणपत्र प्राप्त गरेको छ । "[CARE-NP-BB (Is) [Double B (Issuer)]" ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम (Moderate risk of default regarding timely servicing of financial obligations) रहेको भन्ने बुझिन्छ । केयर रेटिङ्गस् नेपाल लिमिटेडले "CARE-NP AAA (Is)" देखि "CARE-NP D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा रेटिङ्ग "CARE-NP AAA (Is)" ले सकारात्मक आधार जनाउँछ भने "CARE-NP D (Is)" ले नकारात्मक आधारहरू जनाउँछ ।

इस्यूर रेटिङ्ग प्रदान गरेको मिति : जनवरी ०६, २०२२

इस्यूर रेटिङ्ग बहाल रहने अवधि : डिसेम्बर २५, २०२२

पिपुल्स् हाइड्रोपावर कम्पनी लिमिटेड
Peoples Hydropower Company Limited

का.म.न.पा.-१०, बुद्धनगर, काठमाण्डौ, नेपाल, फोन नं. ०१-४७९५७४५, ०१-४७९५९२३
इमेल: peoples.hydro5@gmail.com वेबसाइट: www.peopleshydro.com.np

आह्वान-पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

साधारण शेयरको बिक्री खुल्ला अवधि:

निष्काशन खुल्ला मिति :	२०७९/०५/३१ गतेदेखि
निष्काशन बन्द हुने मिति (छिटोमा) :	२०७९/०६/१४ गते (बैंकिङ्ग समय पश्चात्) सम्म
निष्काशन बन्द हुने मिति (ढिलोमा) :	२०७९/०६/३० गते (बैंकिङ्ग समय पश्चात्) सम्म

प्रति मेगावाट तथा कूल लागत सम्बन्धी विवरण :

पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडद्वारा प्रवर्द्धित सुपर दोर्दी जलविद्युत आयोजना "ख" (५४ मे.वा.) को निर्माण अवधिको ब्याज सहित (IDC) प्रति मेगावाट लागत रु.१९,२४,०७,४०७/- (अक्षरेपी उन्नाइस करोड चौबिस लाख सात हजार चार सय सात मात्र) तथा कूल लागत रु.१० अर्ब ३९ करोड अनुमान गरिएको छ ।

विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण :

इजाजतपत्र बहाल रहने अवधि मिति २०७०/११/२१ देखि २१०६/११/२० सम्म रहेकोले २७ वर्ष ६ महिना बाँकी रहेको छ ।

शेयर पूँजीमा लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण :

साधारण लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period) ६.४० वर्ष र
डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) ९.८० वर्ष रहेको छ ।
खुद नगद प्रवाह (NPV) रु.५२,६७,७४८/- आन्तरिक प्रतिफल दर (IRR) १५.५६% बट्टा दर (Discount) ९.५०% रहेको छ ।

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७९/०५/२१ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७९/०५/२२ ।

१. कम्पनीको नाम :

पिपुल्स् हाइड्रोपावर कम्पनी लिमिटेड (Peoples Hydropower Company Limited) ।

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

यो कम्पनी "पिपुल्स् हाइड्रोपावर कम्पनी प्राइभेट लिमिटेड"को नाममा मिति २०६४/०६/२२ मा प्राइभेट कम्पनीको रुपमा स्थापना भई मिति २०७५/११/१५ मा कम्पनी ऐन, २०६३ अनुसार प्रा.लि.बाट परिवर्तन भई पब्लिक लिमिटेडको रुपमा "पिपुल्स् हाइड्रोपावर कम्पनी लिमिटेड"को नाममा दर्ता भएको कम्पनी हो ।

३. संस्थाको रजिष्टर्ड ठेगाना :

यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १०, बुद्धनगर, काठमाण्डौमा रहेको छ । आवश्यकता अनुसार सम्बन्धित कार्यालयको स्वीकृति लिई कम्पनीको रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा शाखा कार्यालय खोल्न सकिनेछ ।

४. कारोवार गर्ने मुख्य स्थान :

यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. १०, बुद्धनगर, काठमाण्डौ र सुपर दोर्दी जलविद्युत "ख" आयोजना लमजुङ्ग जिल्लाको दोर्दी गाँउपालिका वडा नं. ६ मा रहेको छ ।

५. कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संस्थाको मुख्य उद्देश्यहरु :

यस कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

(१) यस कम्पनीले सुपर दोर्दी जलविद्युत "ख" आयोजना (५४ मे.वा.) निर्माण तथा सञ्चालन गर्ने र अन्य विद्युत उत्पादन आयोजनामा लगानी गर्ने उद्देश्यका साथ मिति २०६४/०६/२२ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट कम्पनीको रुपमा दर्ता भई मिति २०७५/११/१५ मा पब्लिक लिमिटेड कम्पनीको रुपमा परिणत भई कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७६/०२/१५ मा कारोबार संचालन गर्ने अनुमति प्राप्त गरि कारोबार गर्दै आएको छ ।

(२) यस कम्पनीले लमजुङ्ग जिल्लाको दोर्दी गाँउ पालिकाको दोर्दी/पुर्मु/चुर्मु खोलाको पानीको बहाव सदुपयोग हुने गरी ५४ मे.वा. क्षमताको सुपर दोर्दी जलविद्युत "ख"आयोजना निर्माण गरिरहेको छ । यो आयोजनाको सिभिल निर्माण ठेकेदार वि.पि कन्स्ट्रक्सन प्रा.लि., हाई हिमालयन हाइड्रो कन्स्ट्रक्सन प्रा.लि. र बज्र गुरु कन्स्ट्रक्सन कम्पनी प्रा.लि., हाइड्रोमेकानिकल कार्य निर्माण ठेकेदार माछापुच्छ्रे मेटल एण्ड मेशिनरी वर्क्स प्रा.लि., ईलेक्ट्रोमेकानिकलको लागि HZGE-SERI JV, China तथा GEPPERT GMBH, Austria रहेको र ट्रान्समिसन लाईनको ठेक्का प्याराडाइज विल्डर्स प्रा.लि. रहेकोछ । आयोजनाको ईन्जिनियरिङ्ग डिजाइन तथा अन्य परामर्शका लागि क्लिन इनर्जी कन्सल्टयान्ट प्रा.लि.लाई चयन गरिएको छ ।

यस आयोजनाको सिभिल तर्फको HRT Head Race Tunnel/Surge Shaft निर्माणको लागि वि.पि. कन्स्ट्रक्सन कम्पनी प्रा.लि.संग मिति २०७४/०३/२७ मा सम्झौता भै कार्य सम्पादन भै रहेको, विद्युत गृह, पेनस्टक तथा सब स्टेशनतर्फको सिभिल निर्माणको लागि हाइ हिमालय हाइड्रो कन्स्ट्रक्सन प्रा.लि.संग मिति २०७४/०१/१५ मा सम्झौता भै कार्य सम्पादन भै रहेको, Head Works,Desander cavern, diversion Tunnel निर्माणको लागि बज्रगुरु कन्स्ट्रक्सन कम्पनी प्रा.लि.संग मिति २०७४/०३/१४ मा सम्झौता भै कार्य सम्पादन भै रहेको, विष्फोटन सामाग्री आपूर्तिको काम गर्ने गरी एकिकृत व्यापार कम्पनीसंग मिति २०७२/०४/२२ मा सम्झौता भै काम भैरहेको तथा हाइड्रो मेकानिकल सम्बन्धी सम्पूर्ण काम गर्ने गरी माछापुच्छ्रे मेटल एण्ड मेशिनरी वर्क्स प्रा.लि.संग मिति २०७६/०१/१० मा सम्झौता भई निरन्तर रुपमा निर्माण भईरहेको छ ।

यस आयोजनाको इलेक्ट्रो मेकानिकल सम्बन्धी काम मध्ये EOT Crane, Switchyard Equipment, Fire Fiting लगायतका पार्ट्स उपकरणहरु आपूर्ति गर्ने तथा जडान, परिक्षण लगायतका कार्यको लागि HZGE-Seri JV China संग मिति २०७६/०१/०९ मा सम्झौता भई कार्य भैरहेको, Turbine,Generator, MIV लगायतका पार्टस उपकरणहरु डिजाइन, निर्माण, आपूर्ति, इन्स्टलेसन तथा टेस्टिङ लगायतका कार्यको लागि Geppart GMBH संग मिति २०७६/०१/०९ मा सम्झौता भई कार्य भैरहेको छ ।

यस आयोजनाबाट उत्पादन हुने विद्युतिय उर्जालाई करिव ६ कि.मि., १३२ के.भी.को डबल सर्किट विद्युत प्रशारण लाईन मार्फत नेपाल विद्युत प्राधिकरणको किर्तिपुर सब-स्टेसनमा पुऱ्याई राष्ट्रिय प्रशारण प्रणालीमा समाहित गरिने योजना रहेकोछ । यस आयोजनाको कुल अनुमानित लागत रु.१० अर्ब ३९ करोड रहेको छ भने यस आयोजनाले मिति २०७८ वैशाख १५ देखि व्यवसायिक उत्पादन सुरु गर्ने मिति तोकिएको भए तापनि विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को असरका कारण काबु बाहिरको परिस्थिति उत्पन्न भई नेपाल विद्युत प्राधिकरणले मिति २०७८ जेष्ठ २१ मा सार्वजनिक सूचना प्रकाशन गरी व्यावसायिक उत्पादन मिति (COD) को म्याद थपका लागि आवेदन माग गरे बमोजिम यस कम्पनीको २०७९ माघ २८ गते व्यावसायिक उत्पादन शुरु गर्ने मिति रहेको छ । हालसम्म यस आयोजनाको सिभिल कार्य, हाइड्रोमेकानिकल कार्य, ईलेक्ट्रोमेकानिकल कार्य, आयोजना स्थलको पहुँच मार्ग र प्रशारण लाइन गरी समग्र निर्माण कार्य करिव ९०% सम्पन्न भई सकेकोछ । कम्पनीले लमजुङ जिल्लाको दोर्दी गाँउपालिकामा निर्माण गरिरहेको सुपर दोर्दी जलविद्युत आयोजना 'ख' ५४ मे.वा. को लागि जिल्लावासीलाई समेत आयोजना निर्माणमा सहभागी गराउने गरी स्थानीयबाट लगानी जुटाउने उद्देश्यका साथ लमजुङ जिल्लामा मुख्य क्षेत्र रहने गरी दर्ता भएको सुपर दोर्दी इन्भेष्टमेन्ट कम्पनीमा पूँजी लगानी यस कम्पनीमा प्राप्त भई सकेको र समान उद्देश्य भएका दुई कम्पनीलाई एक आपसमा गाभ्ने गरी दुवै कम्पनीको छुट्टा छुट्टै साधारण सभाले निर्णय गरे अनुसार दुवै कम्पनीको DDA गरी/गराई सुपर दोर्दी इन्भेष्टमेन्ट कम्पनीका शेयरधनीहरुलाई पनि पिपुल्स हाइड्रोपावर कम्पनीको शेयरधनी हुने गरी दुवै कम्पनी विच भएको सम्झौता बमोजिम शेयरको स्वाप रेसियो १:१ हुने गरी सुपर दोर्दी इन्भेष्टमेन्ट कम्पनी लिमिटेडलाई पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडमा गाभ्न मिति २०७८/०९/१८ मा कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएको छ ।

(३) यस कम्पनीमा हाल २,४५८ जना संस्थापक शेयरधनीहरु रहेका छन् । कम्पनीले जारी पूँजीको ७५ प्रतिशत शेयर संस्थापक शेयरधनीहरुका लागि तथा २५ प्रतिशत शेयर (आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरु, कम्पनीमा कार्यरत कर्मचारीहरु तथा सामुहिक लगानीकोषहरु समेत)सर्वसाधारण शेयरधनीहरुका लागि छुट्याई बाँडफाँट गर्ने व्यवस्था गरेको छ ।

(४) यस कम्पनीले आयोजनाको सर्भेक्षण अनुमति पत्र मिति २०६५/०६/१५ मा प्राप्त गरेको थियो । मिति २०७६/०५/१० मा आयोजनाको वातावरणीय प्रभाव मुल्यांकन (EIA) स्वीकृत भएको छ । आयोजनाको विद्युत उत्पादन अनुमति पत्र मिति २०७०/११/२१ मा प्राप्त भएको थियो भने उक्त अनुमतिपत्रको पहिलो संशोधन मिति २०७६/०५/१९ मा प्राप्त भएको थियो । उक्त अनुमतिपत्र मिति २१०६/११/२० सम्म वहाल रहनेछ ।

(५) यस कम्पनीले लमजुङ्ग जिल्लाको दोर्दी गाँउपालिकामा बहने दोर्दी, चुर्मु तथा पुर्मु खोलाहरुको बहावलाई सदुपयोग गरी नदी प्रवाहीमा आधारित ५४ मेगावाट क्षमताको सुपर दोर्दी जलविद्युत आयोजना "ख" को निर्माण गरिरहेको छ ।

(६) आयोजनाको प्रमुख विशेषताहरु निम्नानुसार रहेको छः

स्रोत नदीको नाम	दोर्दी, चुर्मु तथा पुर्मु खोला
ग्रस हेड	६३७.५ मि.
डिजाईन डिस्चार्ज	९.९m3÷sec at Q 40%
जडित क्षमता	५४ मे.वा.
सरदर वार्षिक उत्पादन	३१४.९८४ गिगावाट
प्रयोग गरिने जलस्रोतको परिमाण	डिजाइन डिस्चार्ज (Design Discharge) ९.९ घनमिटर प्रति सेकेण्ड र ग्रस हेड ६३७५५ मिटर ।
बाँधको लम्बाई तथा उचाई	१८.५ मि तथा ३.३ मि, Crest elevation समुन्द्री सतहबाट करीब १८८७.६० मिटर उचाईमा हुने गरि बाँध (Free over flow weir)
विद्युत गृह	पुर्ण भुमिगत
टर्वाइन प्रकार, संख्या	मल्टिजेट पेल्टन भर्टिकल एक्सीस टर्वाइन २ वटा
आयोजनाको किसिम	रन अफ दि रिभर
प्रशारण लाइन	१३२ के.भि., डवल सर्किट
जम्मा प्रक्षेपित लागत	रु.१० अर्ब ३९ करोड (निर्माण अवधिको ब्याज सहित)
अपेक्षित प्रतिफल (FIRR)	२२.५२%
अपेक्षित व्यावसायिक उत्पादन शुरु मिति	२०७९ आश्विन मसान्त
आयोजनाको प्रति मेगावाट लागत रकम निर्माण अवधिको ब्याज सहित	रु.१९,२४,०७,४०७/-
विद्युत उत्पादन अनुमति प्राप्त मिति	२०७०/११/२१
विद्युत उत्पादन अनुमति वहाल रहने मिति	२१०६/११/२०
आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि	६.४० वर्ष
आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि	९.८० वर्ष
Net Present Value (NPV)	रु.५२,६७,७४८/-
Internal Rate of Return (IRR)	१५.५६%

NPV तथा IRR गणना गर्दा नगद प्रवाह विधि (Cash Flow Basis) अनुसार गरिएको र IRR गणना गर्ने सम्बन्धमा आयोजनाको नगद प्रवाहलाई ९.५०% का दरले Discount गरिएको छ ।

वित्तीय विश्लेषणको तालिका

वर्ष	आम्दानी	सञ्चालन तथा मर्मत खर्च	रोयल्टी	एजेन्सी शुल्क	ह्रास कट्टी तथा अपलेखन खर्च	बैंक ब्याज	कर अघिको नाफा	आयकर	कर पछिको नाफा	बैंक साँवा भुक्तानी	कर्मचारी सुविधा	नगद प्रवाह
०	-	-	-	-	-	-	-	-	-	-	-	(३,११७,०००.००)
१	१,१५२,९९८.३६	६१,२२७.७५	२८,४५९.९७	१०,५२७.८४	२५९,७५०.००	५१२,२५२.८२	२९१,३०७.८३	-	२९१,३०७.८३	२५४,४४१.५५	५,८२६.१६	२८०,२६२.२८
२	१,७५३,९२२.५७	८४,०८६.११	४०,४७८.४५	९,९७५.२९	३४९,३१८.९७	६५३,८९६.७९	६२६,१४२.२५	-	६२६,१४२.२५	३६८,३६२.३६	१२,५२२.८५	५८४,६००.७२
३	१,८०५,००७.७०	८६,६०८.६९	४१,५००.१५	९,३६८.३६	३४९,३१८.९७	६१७,६३५.८३	७०९,९४४.०५	-	७०९,९४४.०५	४०४,६२३.३२	१४,१९८.८८	६३१,०७२.४५
४	१,८५६,०९२.८२	८९,२०६.९५	४२,५२१.८६	८,७०१.६८	३४९,३१८.९७	५७७,७०५.४१	७९७,२३९.६३	-	७९७,२३९.६३	४४४,४५३.७५	१५,९४४.७९	६७७,४५८.३८
५	१,९०७,१७७.९४	९१,८८३.१६	४३,५४३.५६	७,९६९.३७	३४९,३१८.९७	५३४,०५४.१५	८८८,३७८.११	-	८८८,३७८.११	४८८,२०५.०१	१७,७६७.५६	७२३,७५५.१३
६	१,९५८,२६३.०७	९४,६३९.६६	४४,५६५.२६	७,१६४.९८	३४९,३१८.९७	४८५,९९६.०९	९८३,७४३.०९	-	९८३,७४३.०९	५३६,२६३.०७	१९,६७४.८६	७६९,९५९.१५
७	२,००९,३४८.१९	९७,४७८.८५	४५,५८६.९६	६,२८१.४०	३४९,३१८.९७	४३३,२०७.२७	१,०८३,७५६.१४	-	१,०८३,७५६.१४	५८९,०५१.८८	२१,६७५.१२	८१६,०६६.७०
८	२,०६०,४३३.३१	१००,४०३.२१	४६,६०८.६७	५,३१०.८४	३४९,३१८.९७	३७५,२२२.०२	१,१८८,८८०.४५	-	१,१८८,८८०.४५	६४७,०३७.१३	२३,७७७.६१	८६२,०७३.८३
९	२,१११,५१८.४४	१०३,४१५.३१	४७,६३०.३७	४,२४४.७५	३४९,३१८.९७	३११,५२८.८०	१,२९९,६२४.९९	-	१,२९९,६२४.९९	७१०,७३०.३६	२५,९९२.५०	९०७,९७६.३६
१०	२,१११,५१८.४४	१०६,५१७.७७	४७,६३०.३७	३,०७३.७१	३४९,३१८.९७	२४१,५६५.७३	१,३६६,४८५.६१	-	१,३६६,४८५.६१	७८०,६९३.४३	२७,३२९.७१	९०४,७०७.७३
११	२,१११,५१८.४४	१०९,७१३.३०	४७,६३०.३७	१,७८७.३९	३४९,३१८.९७	१६४,७१५.६१	१,४४०,१४०.१९	१६०,३०६.५८	१,२७९,८३३.६१	८५७,५४३.५५	२५,५९६.६७	७४४,२२४.९७
१२	२,१११,५१८.४४	११३,००४.७०	४७,६३०.३७	३७४.४५	३४९,३१८.९७	८०,३००.५०	१,५२१,२६३.९१	१५९,७८२.४४	१,३६१,४८१.४७	९४१,९५८.६६	२७,२२९.६३	७४१,२३७.६९
१३	२,१११,५१८.४४	११६,३९४.८४	४७,६३०.३७	-	३४९,३१८.९७		१,५९८,१७४.२६	१५९,८१७.४३	१,४३८,३५६.८४	२४९,६३५.९४	२८,७६७.१४	१,५०९,२७२.७३
१४	२,१११,५१८.४४	११९,८८६.६९	४७,६३०.३७	-	३४९,३१८.९७		१,५९४,६८२.४२	१५९,४६८.२४	१,४३५,२१४.१७		२८,७०४.२८	१,७५५,८२८.८६
१५	२,१११,५१८.४४	१२३,४८३.२९	४७,६३०.३७	-	३४९,३१८.९७		१,५९१,०८५.८२	१५९,१०८.५८	१,४३१,९७७.२३		२८,६३९.५४	१,७५२,६५६.६६
१६	२,१११,५१८.४४	१२७,१८७.७९	२६५,१५१.८४	-	३४९,३१८.९७		१,३६९,८५९.८४	२७३,९७१.९७	१,०९५,८८७.८७		२१,९१७.७६	१,४२३,२८९.०८
१७	२,१११,५१८.४४	१३१,००३.४२	२६५,१५१.८४	-	३४९,३१८.९७		१,३६६,०४४.२१	२७३,२०८.८४	१,०९२,८३५.३७		२१,८५६.७१	१,४२०,२९७.६३
१८	२,१११,५१८.४४	१३४,९३३.५२	२६५,१५१.८४	-	३४९,३१८.९७		१,३६२,११४.११	२७२,४२२.८२	१,०८९,६९१.२८		२१,७९३.८३	१,४१७,२१६.४२
१९	२,१११,५१८.४४	१३८,९८१.५३	२६५,१५१.८४	-	३४९,३१८.९७		१,३५८,०६६.१०	२७१,६१३.२२	१,०८६,४५२.८८		२१,७२९.०६	१,४१४,०४२.७९
२०	२,१११,५१८.४४	१४३,१५०.९७	२६५,१५१.८४	-	३४९,३१८.९७		१,३५३,८९६.६५	२७०,७७९.३३	१,०८३,११७.३२		२१,६६२.३५	१,४१०,७७३.९४
२१	२,१११,५१८.४४	१४७,४४५.५०	२६५,१५१.८४	-	३४९,३१८.९७		१,३४९,६०२.१३	२६९,९२०.४३	१,०७९,६८१.७०		२१,५९३.६३	१,४०७,४०७.०३
२२	२,१११,५१८.४४	१५१,८६८.८७	२६५,१५१.८४	-	३४९,३१८.९७		१,३४५,१७८.७६	२६९,०३५.७५	१,०७६,१४३.०१		२१,५२२.८६	१,४०३,९३९.११
२३	२,१११,५१८.४४	१५६,४२४.९३	२६५,१५१.८४	-	३४९,३१८.९७		१,३४०,६२२.७०	२६८,१२४.५४	१,०७२,४९८.१६		२१,४४९.९६	१,४००,३६७.१६
२४	२,१११,५१८.४४	१६१,११७.६८	२६५,१५१.८४	-	३४९,३१८.९७		१,३३५,९२९.९५	२६७,१८५.९९	१,०६८,७४३.९६		२१,३७४.८८	१,३९६,६८८.०४
२५	२,१११,५१८.४४	१६५,९५१.२१	२६५,१५१.८४	-	३४९,३१८.९७		१,३३१,०९६.४२	२६६,२१९.२८	१,०६४,८७७.१३		२१,२९७.५४	१,३९२,८९८.५६
२६	२,१११,५१८.४४	१७०,९२९.७५	२६५,१५१.८४	-	३४९,३१८.९७		१,३२६,११७.८८	२६५,२२३.५८	१,०६०,८९४.३०		२१,२१७.८९	१,३८८,९९५.३८
२७	२,१११,५१८.४४	१७६,०५७.६४	२६५,१५१.८४	-	३४९,३१८.९७		१,३२०,९८९.९९	२६४,१९८.००	१,०५६,७९१.९९		२१,१३५.८४	१,३८४,९७५.१२
२८	२,१११,५१८.४४	१८१,३३९.३७	२६५,१५१.८४	-	३४९,३१८.९७		१,३१५,७०८.२६	२६३,१४१.६५	१,०५२,५६६.६१		२१,०५१.३३	१,३८०,८३४.२४
२९	२,१११,५१८.४४	१८६,७७९.५५	२६५,१५१.८४	-	३४९,३१८.९७		१,३१०,२६८.०८	२६२,०५३.६२	१,०४८,२१४.४६		२०,९६४.२९	१,३७६,५६९.१४
३०	२,१११,५१८.४४	१९२,३८२.९४	२६५,१५१.८४	-	३४९,३१८.९७		१,३०४,६६४.६९	२६०,९३२.९४	१,०४३,७३१.७५		२०,८७४.६४	(५,९००,८२३.९२)

लगानी फिर्ता अवधि :

वर्ष	नगद प्रवाह	संचित नगद प्रवाह	बट्टा दर	डिस्काउन्ट मुल्य	संचित डिस्काउन्ट मुल्य
०	(१०,३९०,०००)	(१०,३९०,०००)	१.००००	(१०,३९०,०००)	(१०,३९०,०००)
१	१,०५६,२९२	(९,३३३,७०८)	०.९१३२	९६४,६५०	(९,४२५,३५०)
२	१,६२२,७०८	(७,७११,०००)	०.८३४०	१,३५३,३५६	(८,०७१,९९४)
३	१,६७०,६५३	(६,०४०,३४७)	०.७६१७	१,२७२,४६०	(६,७९९,५३४)
४	१,७१८,५६३	(४,३२१,७८४)	०.६९५६	१,१९५,३८८	(५,६०४,१४६)
५	१,७६६,४३८	(२,५५५,३४६)	०.६३५२	१,१२२,०९०	(४,४८२,०५५)
६	१,८१४,२८१	(७४१,०६४)	०.५८०१	१,०५२,४९५	(३,४२९,५६१)
७	१,८६२,०९५	१,१२१,०३१	०.५२९८	९८६,५१३	(२,४४३,०४७)
८	१,९०९,८८१	३,०३०,९१२	०.४८३८	९२४,०४५	(१,५१९,००२)
९	१,९५७,६४३	४,९८८,५५४	०.४४१८	८६४,९८१	(६५४,०२१)
१०	१,९५५,३२१	६,९४३,८७६	०.४०३५	७८९,०००	१३४,९७९
११	१,७९२,६७७	८,७३६,५५२	०.३६८५	६६०,६१२	७९५,५९१
१२	१,७९०,८५१	१०,५२७,४०४	०.३३६५	६०२,६८५	१,३९८,२७५
१३	१,७८७,६७६	१२,३१५,०७९	०.३०७३	५४९,४२१	१,९४७,६९६
साधारण लगानी फिर्ता अवधि : ६.४० वर्ष					
डिस्काउन्टमा लगानी फिर्ता अवधि : ९.८० वर्ष					

संगठित संस्था र नेपाल विद्युत प्राधिकरणका बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन्:

(१) कम्पनीबाट निर्माणाधीन आयोजनावाट उत्पादन हुने विद्युत खरिद बिक्रीका लागि नेपाल विद्युत प्राधिकरणसँग मिति २०७५/११/१५ मा सम्झौता भएको छ । उक्त सम्झौता बमोजिम नेपाल विद्युत प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट विद्युत शक्ति उत्पादन गरी उपलब्ध गराएको कन्ट्र्याक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरिद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४।८० (चार रुपैया असी पैसा मात्र) र सुख्खायाममा प्रति कि.वा. घण्टा रु.८।४० (आठ रुपैया चालिस पैसा) विद्युत खरिद दरले हुन आउने रकम कम्पनीलाई वा सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउनेछ । साथै व्यापारिक उत्पादन शुरु हुने मितिबाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरी प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म साधारण मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिद दर कायम भएको छ ।

अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरी)	सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट)	वर्षा याम (बैशाख देखि मार्गसम्म) (रु.प्रति युनिट)
पहिलो महिना देखि १२ औं महिनासम्म	८।४०	४।८०
१३ औ महिना देखि २४ औं महिनासम्म	८।६५	४।९४
२५ औ महिना देखि ३६ औं महिनासम्म	८।९०	५।०९
३७ औ महिना देखि ४८ औं महिनासम्म	९।१६	५।२३
४९ औ महिना देखि ६० औं महिनासम्म	९।४१	५।३८
६१ औ महिना देखि ७२ औं महिनासम्म	९।६६	५।५२
७३ औ महिना देखि ८४ औं महिनासम्म	९।९१	५।६६
८५ औ महिना देखि ९६ औं महिनासम्म	१०।१६	५।८१
९७ औं महिनादेखि सम्झौता अवधिसम्म	१०।४२	५।९५

तर व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ढिलो हुन गएमा निम्नानुसार वार्षिक मूल्यवृद्धि कायम हुनेछ :

(क) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ६ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।
(ख) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति १८ महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।
(ग) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ३० महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।
(घ) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ४२ महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।
(ङ) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ५४ महिनाभन्दा बढी ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।

(२) प्राधिकरणले Dispatch Instruction जारी गरी अतिरिक्त उर्जा (Excess Energy) खरिद गरेमा सो को हकमा विद्युत खरिद बिक्री सम्झौताको दफा १२.१ अनुसारको खरिद दरको ५० प्रतिशतका हिसाबले कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

(३) मासिक विलिङ्ग गर्दा कम्पनीले प्राधिकरणबाट विद्युत उर्जा लिएको देखिएमा विद्युत उर्जा लिने भोल्टेज लेभलको व्यापारिक वर्गका ग्राहकहरुलाई लागू हुने प्राधिकरणको प्रचलित Normal hour को विद्युत महशुल दरले उर्जा खपत मात्रको हिसाब गरी आउने रकम मात्र कम्पनीले प्राधिकरणलाई भुक्तानी गर्नेछ, वा सो रकम मासिक विलिङ्गमा समायोजन गरिनेछ ।

(४) व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति अगावै आयोजनाको निर्माण तथा परीक्षण कार्य सम्पन्न भएमा प्राधिकरणले आफ्नो Existing ग्रीड प्रणालीमा प्रवाह हुन सक्ने सम्मको विद्युत उर्जा आवश्यकता अनुसार Dispatch Instruction जारी गरी आयोजनाबाट लिन सक्नेछ । यसरी विद्युत लिए बापत दफा १२.१ र १२.२ मा तोकिएको मूल्यमा प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नेछ ।

(५) नेपाल विद्युत प्राधिकरणसँग मिति २०७५/११/१५ मा भएको (दोस्रो संशोधन) सम्झौताको दफा १(ज) बमोजिम विद्युत उत्पादन गर्नु पर्ने मिति (RCOD) २०७९/०१/१४ गतेलाई विश्वव्यापिरुपमा फैलिएको कोभिड-१९ तथा गत वर्ष आएको बाढीले गर्दा समयमानै आयोजना सम्पन्न गर्न नसकिएकोले नेपाल विद्युत प्राधिकरणसँग म्याद थपको लागि अनुरोध गरिएकोमा नेपाल विद्युत प्राधिकरणबाट मिति २०७९/०२/२५ गतेको पत्र बमोजिम विद्युत उत्पादन गर्नु पर्ने मिति (RCOD) २०७९/१०/२८ गते भित्र गर्ने गरी विद्युत नियमन आयोगलाई सहमतिको लागि पठाईएकोमा मिति २०७९/०३/१० गते सहमति प्राप्त भएकोछ । आयोजना सम्पन्न गर्ने अनुमानित उत्पादन मिति २०७९ आश्विन मसान्त रहेकोछ ।

हर्जाना सम्बन्धी विवरण:

(१) प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्र्याक्ट इनर्जीको परिमाणसम्मको Availability Declaration अनुसारको इनर्जी खरिद गरी लिनेछ । यस अनुसार प्राधिकरणले लिनु पर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा अनुसूची ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ ।

(२) कन्ट्र्याक्ट इनर्जीको वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (असी) प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ । प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत सम्भार वा काबु बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाणसम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नु पर्नेछ ।

क्षतिपूर्ति रकम रु. = (0.8 x सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति गर्नुपर्ने बढीमा कन्ट्र्याक्ट इनर्जीसम्मको Availability Declaration अनुसारको विद्युत उर्जा - सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा - सोही अवधिमा प्राधिकरणको कारणले वा Scheduled outage वा आकस्मिक मर्मत सम्भार वा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा) x सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरिद दर ।

यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपुर्ति रकमलाई शून्य मानिनेछ । क्षतिपूर्ति रकम विल रकमभन्दा बढी भएमा विल रकम भन्दा बढी भएको क्षतिपुर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नु पर्ने छैन । यस्तो क्षतिपूर्ति रकम प्राधिकरणले विलको भुक्तानी दिंदा कट्टा गर्न सक्नेछ ।

(३) प्राधिकरणले कम्पनीलाई वा कम्पनीले प्रधिकरणलाई क्षतिपूर्ति तिर्ने व्यवस्था आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मितिदेखि लागु हुनेछ ।

(४) काबु बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मितिसम्म व्यापारिक उत्पादन शुरु हुन नसकेमा प्राधिकरणले कम्पनीलाई र कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित डेलिभरी प्वाइण्टसम्म पुऱ्याउनको लागि प्राधिकरणले मान्य हुने खालको निर्माण, व्यवस्था एवं परिक्षणको कार्य सम्पन्न गरी व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न नगरेमा कम्पनीले प्राधिकरणलाई निम्न अनुसार हर्जाना तिर्नु पर्नेछ ।

हर्जाना रकम रु. ०.०५ x कन्ट्र्याक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति र व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधिको उर्जा x व्यापारिक उत्पादन शुरु हुने मिति (COD) मा लागू हुने खरिद दर ।

कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(१) यस कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :
- (क) सम्बन्धित निकायको स्वीकृति लिई देशका विभिन्न नदीनालाबाट विभिन्न स्तरका जलविद्युत आयोजनाहरुको विकास तथा निर्माण गरी सो बाट उत्पादित जलविद्युत वितरण सम्बन्धी आवश्यक कार्य गरी देश विकासका लागि टेवा पुऱ्याउने ।
- (ख) देशलाई आवश्यक जलविद्युतसंग सम्बन्धित दक्ष जनशक्ति तयार गर्न आवश्यक तालिम, गोष्ठी, सेमिनार संचालन गर्ने ।
- (ग) अन्य संस्था वा कम्पनीहरुबाट उत्पादित विद्युत खरिद गरी देशका ग्रामीण एवं शहरी क्षेत्रहरुमा वितरण सम्बन्धि कार्य गर्ने ।
- (घ) यस कम्पनीले आयोजना संचालन गरी उत्पादन गरेको जलविद्युत अन्य संस्था वा कम्पनीहरुलाई बिक्री गर्ने साथै विदेशमा समेत निर्यात (बिक्री) गरी विदेशी मुद्रा आर्जन गरी देश विकासका लागि मद्दत पुऱ्याउने ।
- (ङ) समुन्नत राष्ट्र निर्माणका लागि जल तथा उर्जासँग सम्बन्धित खानेपानी, ढल निकास, पानी मिल, कुलो, नहर, जलमार्ग निर्माण एवं सञ्चालन गर्ने, सुरुङ मार्ग, रेल मार्ग, केबुल कार आदि विकास निर्माणमा लगानी गर्ने ।
- (च) अन्य संस्था वा कम्पनीहरुले निर्माण गरी संचालन भइरहेका वा संचालन हुन नसकी बन्द हुन पुगेका विद्युत आयोजनाहरु खरिद गरी वा लिजमा वा ठेक्कामा लिई सञ्चालन गर्ने गराउने ।
- (छ) सम्बन्धित निकायको स्वीकृती लिई जलशक्ती, वायुशक्ती, सौर्यशक्ती, फ्युल प्लान्टसंग सम्बन्धित विभिन्न आयोजनाहरुको अध्ययन अनुसन्धान गर्ने, परामर्श सेवा प्रदान गर्ने साथै कार्यान्वयनको तत्कालीन सम्भावना देखिएका आयोजनाहरु संचालन गर्ने ।

आयोजनाको विभिन्न कार्यहरुको कार्यप्रगति विवरण निम्नानुसार रहेको छ :

कम्पनीबाट निर्माणाधिन सुपर दोर्दी जलविद्युत आयोजना "ख" को २०७९ जेष्ठ मसान्तसम्म भएको भौतिक कार्य प्रगति विवरण:

क्र.सं.	विवरण	कार्य प्रगति
१	आधारभुत निर्माण कार्य	
	प्रवेश मार्ग निर्माण	९९%
	कम्पनी तथा ठेकेदारको आधारभुत सिभिल संरचना निर्माण	९५%
२.	सिभिल निर्माण कार्य	
	बांध, डिसेन्डर तथा गेट संरचनाहरु	९२%
	विद्युत गृह संरक्षण कार्य	९०%
	हेडरेस टनेल निर्माण	९४%
	सर्ज टैंक निर्माण	९९%
	पेनस्टक पाइपको लागि सिभिल निर्माण कार्य	९२%
	स्विचयार्ड तर्फको कार्य	९५%
	हेडवर्क्सको निर्माण	९८%
३.	हाइड्रो मेकानिकल कार्य	
	पेनस्टक पाइपको उपलब्धि तथा डेलिभरी तथा जडान	८५%
	बांधमा जडान गरिने गेटको उपलब्धि डेलिभरी तथा जडान	९०%
	पेनस्टक पाइप जडान	७०%
	गेट जडान	७०%
	फेब्रिकेशन, इन्स्टलेशन र इरेक्शनको कार्य	८०%
४	इलेक्ट्रोमेकानिकल कार्य	
	मेशिन तथा उपकरण उपलब्धि तथा डेलिभरी	९५%
	विद्युत गृह-उपकरण जडान	६५%
५	१३२ के.भि.प्रसारण लाइन कार्य	
	सवस्टेशन उपकरण जडान	८५%
	जग्गा खरिदको कार्य	१००%
	टावर फाउण्डेसन कार्य	७०%
	टावर डेलिभरी	८५%
	टावर फेब्रिकेशन	९५%
	टावर ईरेक्सन	४५%

समग्रमा २०७९ श्रावण मसान्तसम्मको भौतिक कार्य प्रगति ९२% सम्पन्न भएको छ।

६. धितोपत्र जारी गर्नुको उद्देश्य :

(१) कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीले स्थानीय बासिन्दाहरुका लागि तथा सर्वसाधारणमा गरी रु.८०,००,००,०००/- (अक्षरेपी असी करोड मात्र) बराबरको रु.१००/- अंकित दरको ८०,००,००० कित्ता शेयर धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही शेयर निष्काशन गरी उक्त रकम कम्पनीले आयोजना निर्माण कार्यमा खर्च गर्ने मुख्य उद्देश्य रहेको छ ।
(२) कम्पनीको वित्तीय एवम् आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।
(३) कम्पनीको प्रवन्ध-पत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी संकलन गर्न ।
(४) आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु तथा सर्वसाधारणहरुलाई (कर्मचारी समेत) कम्पनीको धितोपत्र बिक्री गरी लगानीको अवसर दिन तथा आयोजना निर्माणको लागि रकम संकलन गर्न ।

७. कम्पनीको पूँजी संरचना सम्बन्धी विवरण :

अधिकृत पूँजी : कम्पनीको अधिकृत पूँजी रु.३,२०,००,००,०००/- (अक्षरेपी तिन अर्ब बीस करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ३,२०,००,००० (तिन करोड बिस लाख) थान शेयरमा विभाजन गरिएको छ ।

जारी पूँजी : कम्पनीको जारी पूँजी रु.३,२०,००,००,०००/- (अक्षरेपी तिन अर्ब बीस करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ३,२०,००,००० (तिन करोड बीस लाख) थान शेयरमा विभाजन गरिएको छ ।

चुक्ता पूँजी : कम्पनीको तत्काल चुक्ता पूँजी रु.२,४०,००,००,०००/- (अक्षरेपी दुई अर्ब चालिस करोड मात्र) रहेको छ । धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही आयोजना प्रभावित क्षेत्रका स्थानिय स्थायी बासिन्दाहरुलाई रु.३२,००,००,०००/- रकम बराबरको ३२,००,००० कित्ता शेयर तथा रु.४८,००,००,०००/- रकम बराबरको ४८,००,००० कित्ता शेयर सर्वसाधारणमा (सामुहिक लगानी कोष तथा कर्मचारी समेत) निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.३,२०,००,००,०००/- (अक्षरेपी तिन अर्ब बिस करोड मात्र) हुनेछ ।

८. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार यस निष्काशन पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेकोछ :

क्र.सं.	शेयरधनीहरु	साधारण शेयर संख्या	चुक्ता रकम (रु.)	पूँजी संरचना	भुक्तानी प्रतिशत
१.	संस्थापक शेयरधनी समुह	२,४०,००,०००	२,४०,००,००,०००/-	७५%	शतप्रतिशत
२.	सर्वसाधारण शेयरधनी समुह	८०,००,०००	८०,००,००,०००/-	२५%	
	क. स्थानीय बासिन्दाहरु	*३२,००,०००*	*३२,००,००,०००/-*	*१०%*	निष्काशन पश्चात्
	ख. कम्पनीमा कार्यरत कर्मचारीहरु सर्वसाधारणहरु (सामुहिक लगानी कोष समेत)	*४८,००,०००*	*४८,००,००,०००/-*	*१५%*	
जम्मा (१+२)		३,२०,००,०००	३,२०,००,००,०००/-	१००%	

नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक			अपरिष्कृत आ.व.२०७८/७९ आषाढ मसान्त	प्रक्षेपित		
	आ.व.२०७५/७६	आ.व.२०७६/७७	आ.व.२०७७/७८		आ.व.२०७९/८०	आ.व.२०८०/८१	आ.व.२०८१/८२
प्रति शेयर (नेटवर्थ) (रु.)	१००.००	१००.००	१००.००	१००.००	१०३.५२	१०७.५७	११४.२०
प्रति शेयर आम्दानी (रु.)	-	-	-	-	८.५२	१९.०५	२१.६३
संचित नाफा-नोक्सान (रु. हजारमा)	-	-	-	-	१,१२,७२३	२,४२,२२६	४,५४,३२२

नोटः प्रति शेयर नेटवर्थ गणना गर्दा आयोजना संचालन पश्चात नाफा-नोक्सान हिसाब तयार हुने भएकोले सोही बमोजिम प्रस्तुत गरिएको छ ।

९. आधारभूत शेयरधनी/संस्थापक/सञ्चालक सम्बन्धी विवरण :

आधारभूत शेयरधनीको विवरण

क्र.सं.	नाम, ठेगाना	उमेर राष्ट्रियता	शेयर संख्या	शैक्षिक योग्यता	प्रस्तावित व्यापार र व्यवसायिक अनुभव	अनुभव
१	उदय नेपाली श्रेष्ठ अर्खौले जितपुर-३, धनकुटा	७१, नेपाली	३,००,०००	स्नातकोत्तर	• अध्यक्ष - पिपुल्स हाईड्रोपावर कम्पनी लिमिटेड सन् २०१२ देखि हालसम्म • अध्यक्ष - रिलायन्स लाईफ ईन्स्योरेन्स लिमिटेड सन् २०२० देखि हालसम्म • अध्यक्ष - विवाद समाधान केन्द्र नेपाल (DRCN), सन् २०१९ देखि हालसम्म • सदस्य तथा मध्यस्थता प्यानेलिस्ट - Nepal Council of Arbitration NEPCA सन् १९८९ देखि हालसम्म • मध्यस्थता प्यानलिस्ट, इन्टरनेशनल चेम्वर अफ कमर्स, नेपाल च्याप्टर, सन् २०१२ देखि हालसम्म • कार्यकारी सदस्य - नेपाल कानून समाज, सन् २००५ देखि हालसम्म	• सदस्य - संविधान सभा, सन् २०१३ देखि २०१५ सम्म • विधायिका संसद सदस्य - २०१५ देखि २०१७ (अक्टुवर) सम्म • अध्यक्ष - जनता बैंक नेपाल लिमिटेड, सन् २०११ देखि २०१७ सम्म • अध्यक्ष - रोटरी क्लब अफ ललितपुर मिडटाउन, सन् २०११ देखि २०१२ सम्म, हाल सदस्य • नीति सल्लाहकार - ग्रामीण विकास प्रतिष्ठान, सन् २००० देखि हालसम्म • प्रमुख सल्लाहकार - पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, सन् २००९ देखि हालसम्म • प्रमुख सल्लाहकार - श्रीवृद्धि बहुउद्देशीय सहकारी, ललितपुर, सन् २०१४ देखि हालसम्म • अध्यक्ष - नेपाल अस्ट्रिया मैत्री संघ, सन् २००४ देखि हालसम्म • अध्यक्ष - अन्तराष्ट्रिय विकासवादी कानून व्यवसायी संगठन सन् २०१४ देखि हालसम्म • सचिव/विशेष सचिव - कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सन् १९९७ देखि २००३ सम्म
२	केशव वहादुर रायमाझी अमरदह-६, मोरङ ।	५८, नेपाली	४,२५,०००	स्नातक	• प्रवन्ध संचालक - पिपुल्स हाईड्रोपावर कम्पनी लिमिटेड, सन् २००८ देखि हालसम्म • महासचिव - बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल, सन् २०२० देखि हालसम्म	• संस्थापक - अपरहेवा खोला हाईड्रोपावर कम्पनी लिमिटेड • प्रवन्ध संचालक - चन्द्र सूर्य इन्टरनेशनल प्राइभेट लिमिटेड (चाईना व्यापार), सन् २००३ देखि २०१७ सम्म • अध्यक्ष - जनता बैंक नेपाल लिमिटेड, सन् २०१७ देखि सन् २०१९ सम्म • संचालक - ग्लोवल आई.एम.ई. बैंक लिमिटेड, सन् २०१९ देखि २०२१ सम्म • संचालक - जनता बैंक नेपाल लिमिटेड, सन् २००९ देखि २०१७ सम्म • सल्लाहकार - रायमाझी कूलदेवता समिति, सन् २०१२ देखि अहिले सम्म • केन्द्रिय सल्लाहकार - स्वतन्त्र उर्जा उत्पादक संघ नेपाल (IPPAN)
३	अर्जुन प्रसाद गौतम पोखरीचौरी-६, काभ्रे ।	५७, नेपाली	३,५०,०००	एसएलसि	संचालक - पिपुल्स हाईड्रोपावर कम्पनी, सन् २०११ देखि हालसम्म	• संस्थापक - अपरहेवा खोला हाईड्रोपावर कम्पनी लिमिटेड • संस्थापक - रिलायवल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड • संस्थापक - लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड • संस्थापक - जनता प्रेस हाउस प्राइभेट लिमिटेड • संस्थापक - ग्लोवल आई.एम.ई. बैंक लिमिटेड • पूर्व महासचिव - नेपाल हिमालय सिमापार वाणिज्य संघ
४	भिमलाल पौड्याल रिमुवा-५, गुल्मी ।	५७, नेपाली	४,००,०००	स्नातक	• संचालक - पिपुल्स हाईड्रोपावर कम्पनी लिमिटेड, सन् २०११ देखि हालसम्म • कार्यकारी अध्यक्ष - रोयल फुटवेयर इन्डस्ट्रिज प्राइभेट लिमिटेड, काठमाण्डौं सन् २०१९ देखि हालसम्म • अध्यक्ष - जनता ट्रेडर्स प्राइभेट लिमिटेड, सन् २०११ देखि हालसम्म • संचालक - अग्नि सिमेन्ट उद्योग प्राइभेट लिमिटेड, सन् २०११ देखि हालसम्म • संचालक - सुभश्री अग्नि सिमेन्ट उद्योग प्राइभेट लिमिटेड, अर्घाखाँची, सन् २०१६ देखि हालसम्म • अध्यक्ष - जनता प्रेस हाउस प्राइभेट लिमिटेड, सन् २०१२ देखि हालसम्म	• संस्थापक - माथिल्लो हेवा खोला हाईड्रोपावर कम्पनी लिमिटेड • संचालक - किशन पाइप उत्पादन प्राइभेट लिमिटेड, सन् २०१७ देखि हालसम्म • संचालक - ठमेल होटल प्लाजा एण्ड स्वीट्स प्राइभेट लिमिटेड, ठमेल, काठमाण्डौ, सन् २०२० देखि हालसम्म • संस्थापक - लुम्बिनी जनरल इन्स्योरेस कम्पनी लिमिटेड • सदस्य - नेपाल चेम्वर अफ कमर्स • सल्लाहकार - नेपाल जुत्ता उत्पादन संघ • उपाध्यक्ष - गुल्मेली समाज • वरिष्ठ उपाध्यक्ष - नेपाल राष्ट्रिय उद्योग व्यावसाय महासंघ
५	गणेश कार्की तोपागाछी-९, झापा ।	५४, नेपाली	३,९२,३६४	स्नातक	संचालक - पिपुल्स हाईड्रोपावर कम्पनी लिमिटेड	• संस्थापक - सिंगटी हाईड्रोपावर कम्पनी लिमिटेड • प्रवन्ध निर्देशक - वेनी हाईड्रोपावर प्राइभेट लिमिटेड • संस्थापक - युनियन हाईड्रोपावर कम्पनी लिमिटेड • संस्थापक - खानी खोला हाईड्रोपावर कम्पनी लिमिटेड • कार्यकारी निर्देशक - बीजी प्राइभेट लिमिटेड (लगानी कम्पनी) • कार्यकारी अध्यक्ष - वैभव पावर नेपाल प्राइभेट लिमिटेड • निर्देशक - क्रिम हाईडेल प्राइभेट लिमिटेड • निर्देशक - आस्था कलेज • प्रवन्ध निर्देशक - Qiankang Allonward हाईड्रो उपकरण कम्पनी प्राइभेट लिमिटेड • कार्यकारी अध्यक्ष - आवास्वक बचत तथा ऋण सहकारी लिमिटेड • उपाध्यक्ष - स्वतन्त्र उर्जा उत्पादक संघ नेपाल • कार्यकारी सदस्य - नेपाल जलविद्युत संघ • प्रवन्ध निर्देशक - न्यादी ग्रुप प्राइभेट लिमिटेड
६	वटु लामिछाने कामनपा-४, काठमाण्डौ ।	५७, नेपाली	३,९२,३६४	स्नातक	अध्यक्ष, सिंगटी हाइड्रो इनर्जी	• कार्यकारी अध्यक्ष, वैभव पावर नेपाल • अध्यक्ष, बलेफी इनर्जी प्राइभेट लिमिटेड • अध्यक्ष, बाइली इन्टरनेशनल प्राइभेट लिमिटेड लगायत हाइड्रोपावर क्षेत्रको विकासमा संलग्न
७	क्लिन इनर्जी कन्सल्ट्यान्ट प्राइभेट लिमिटेड अनामनगर, काठमाण्डौ ।	लागु नहुने	३,४५,०००	-		यस कम्पनी मिति २०६३ भाद्र ५ गते प्राईभेट कम्पनीको रुपमा स्थापना भई स्वच्छ ऊर्जा स्रोतहरु विशेष गरी साना जलविद्युत आयोजनाहरुमा सम्पूर्ण परामर्श दिई आइरहेको छ । यस कम्पनीको सर्भे, सिभिल, इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स, मेकानिकल, कम्प्युटर इन्जिनियरिङ्ग, वातावरण भौगर्भिक अध्ययन, जलवायु तथा मौसम र आर्थिक सामाजिक क्षेत्रमा आवश्यक पर्ने अध्ययन, अनुसन्धान तथा परामर्श सेवा प्रदान गर्ने मुख्य उदेश्य रहेको छ ।

सञ्चालकहरुको विवरण

क्र.सं.	नाम, ठेगाना	उमेर राष्ट्रियता	शेयर संख्या	शैक्षिक योग्यता	प्रस्तावित/व्यापार र व्यवसायिक अनुभव	अनुभव	समूह
१	उदय नेपाली श्रेष्ठ अर्खौले जितपुर-३, धनकुटा	७१, नेपाली	३,००,०००	स्नातकोत्तर	• अध्यक्ष - पिपुल्स हाईड्रोपावर कम्पनी लिमिटेड सन् २०१२ देखि हालसम्म • अध्यक्ष - रिलायन्स लाईफ ईन्स्योरेन्स लिमिटेड सन् २०२० देखि हालसम्म • अध्यक्ष - विवाद समाधान केन्द्र, नेपाल (DRCN), सन् २०१९ देखि हालसम्म • सदस्य तथा मध्यस्थता प्यानेलिस्ट - Nepal Council of Arbitration NEPCA सन् १९८९ देखि हालसम्म • मध्यस्थता प्यानलिस्ट, इन्टरनेशनल चेम्वर अफ कमर्स, नेपाल च्याप्टर, सन् २०१२ देखि हालसम्म • कार्यकारी सदस्य - नेपाल कानून समाज, सन् २००५ देखि हालसम्म	• सदस्य - संविधान सभा, सन् २०१३ देखि २०१५ सम्म • विधायिका संसद सदस्य - २०१५ देखि २०१७ (अक्टुवर) सम्म • अध्यक्ष - जनता बैंक नेपाल लिमिटेड, सन् २०११ देखि २०१७ सम्म • अध्यक्ष - रोटरी क्लब अफ ललितपुर मिडटाउन, सन् २०११ देखि २०१२ सम्म, हाल सदस्य • नीति सल्लाहकार - ग्रामीण विकास प्रतिष्ठान, सन् २००० देखि हालसम्म • प्रमुख सल्लाहकार - पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, सन् २००९ देखि हालसम्म • प्रमुख सल्लाहकार - श्रीवृद्धि बहुउद्देशीय सहकारी, ललितपुर, सन् २०१४ देखि हालसम्म • अध्यक्ष - नेपाल अस्ट्रिया मैत्री संघ, सन् २००४ देखि हालसम्म • अध्यक्ष - अन्तराष्ट्रिय विकासवादी कानून व्यवसायी संगठन सन् २०१४ देखि हालसम्म • सचिव/विशेष सचिव - कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सन् १९९७ देखि २००३ सम्म	संस्थापक समुह "क"
२	केशव बहादुर रायमाझी अमरदह-६, मोरङ ।	५८, नेपाली	४,२५,०००	स्नातक	• प्रवन्ध संचालक - पिपुल्स हाईड्रोपावर कम्पनी लिमिटेड, सन् २००८ देखि हालसम्म • महासचिव - बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल, सन् २०२० देखि हालसम्म	• संस्थापक - अपरहेवा खोला हाईड्रोपावर कम्पनी लिमिटेड • प्रवन्ध संचालक - चन्द्र सूर्य इन्टरनेशनल प्राइभेट लिमिटेड (चाईना व्यापार), सन् २००३ देखि २०१७ सम्म • अध्यक्ष - जनता बैंक नेपाल लिमिटेड, सन् २०१७ देखि सन् २०१९ सम्म • संचालक - ग्लोवल आई.एम.ई. बैंक लिमिटेड, सन् २०१९ देखि २०२१ सम्म • संचालक - जनता बैंक नेपाल लिमिटेड, सन् २००९ देखि २०१७ सम्म • सल्लाहकार - रायमाझी कूलदेवता समिति, सन् २०१२ देखि अहिले सम्म • केन्द्रिय सल्लाहकार - स्वतन्त्र उर्जा उत्पादक संघ नेपाल (IPPAN)	संस्थापक समुह "क"
३	अर्जुन प्रसाद गौतम पोखरीचौरी-६, काभ्रे ।	५७, नेपाली	३,५०,०००	एसएलसि	संचालक - पिपुल्स हाईड्रोपावर कम्पनी, सन् २०११ देखि हालसम्म	• संस्थापक - अपरहेवा खोला हाईड्रोपावर कम्पनी लिमिटेड • संस्थापक - रिलायवल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड • संस्थापक - लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड • संस्थापक - जनता प्रेस हाउस प्राइभेट लिमिटेड • संस्थापक - ग्लोवल आई.एम.ई. बैंक लिमिटेड • पूर्व महासचिव - नेपाल हिमालय सिमापार वाणिज्य संघ	संस्थापक समुह "क"
४	भिमलाल पौड्याल रिमुवा-५, गुल्मी ।	५७, नेपाली	४,००,०००	स्नातक	• संचालक - पिपुल्स हाईड्रोपावर कम्पनी लिमिटेड, सन् २०११ देखि हालसम्म • कार्यकारी अध्यक्ष - रोयल फुटवेयर इन्डस्ट्रिज प्राइभेट लिमिटेड, काठमाण्डौं सन् २०१९ देखि हालसम्म • अध्यक्ष - जनता ट्रेडर्स प्राइभेट लिमिटेड, सन् २०११ देखि हालसम्म • संचालक - अग्नि सिमेन्ट उद्योग प्राइभेट लिमिटेड, सन् २०११ देखि हालसम्म • संचालक - सुभश्री अग्नि सिमेन्ट उद्योग प्राइभेट लिमिटेड, अर्घाखाँची, सन् २०१६ देखि हालसम्म • अध्यक्ष - जनता प्रेस हाउसप्राइभेट लिमिटेड, सन् २०१२ देखि हालसम्म	• संस्थापक - माथिल्लो हेवा खोला हाईड्रोपावर कम्पनी लिमिटेड • संचालक - किशन पाइप उत्पादन प्राइभेट लिमिटेड, सन् २०१७ देखि हालसम्म • संचालक - ठमेल होटल प्लाजा एण्ड स्वीट्स प्राइभेट लिमिटेड, ठमेल, काठमाण्डौ, सन् २०२० देखि हालसम्म • संस्थापक - लुम्बिनी जनरल इन्स्योरेस कम्पनी लिमिटेड • सदस्य - नेपाल चेम्वर अफ कमर्स • सल्लाहकार - नेपाल जुत्ता उत्पादन संघ • उपाध्यक्ष - गुल्मेली समाज • वरिष्ठ उपाध्यक्ष - नेपाल राष्ट्रिय उद्योग व्यावसाय महासंघ	संस्थापक समुह "क"
५	धर्मध्वज पराजुली पांमा-२, संखुवासभा	५०, नेपाली	२,२५,८११	स्नातक	संचालक - पिपुल्स हाईड्रोपावर कम्पनी लिमिटेड, सन् २००९ देखि हालसम्म	• अध्यक्ष - गोसाईकुण्ड दर्शन प्रा.लि. सन् २०७३ देखि हालसम्म	संस्थापक समुह "क"
६	गणेश कार्की तोपगाछी-९ झापा	५४, नेपाली	३,९२,३६४	स्नातक	संचालक - पिपुल्स हाईड्रोपावर कम्पनी लिमिटेड	• संस्थापक - सिंगटी हाईड्रोपावर कम्पनी लिमिटेड • प्रवन्ध निर्देशक - वेनी हाईड्रोपावर प्राइभेट लिमिटेड • संस्थापक - युनियन हाईड्रोपावर कम्पनी लिमिटेड • संस्थापक - खानी खोला हाईड्रोपावर कम्पनी लिमिटेड • कार्यकारी निर्देशक - बीजी प्राइभेट लिमिटेड (लगानी कम्पनी) • कार्यकारी अध्यक्ष - वैभव पावर नेपाल प्राइभेट लिमिटेड • निर्देशक - क्रिम हाईडेल प्राइभेट लिमिटेड • निर्देशक - आस्था कलेज • प्रवन्ध निर्देशक - Qiankang Allonward हाईड्रो उपकरण कम्पनी प्राइभेट लिमिटेड • कार्यकारी अध्यक्ष - आवास्वक बचत तथा ऋण सहकारी लिमिटेड • उपाध्यक्ष - स्वतन्त्र उर्जा उत्पादक संघ नेपाल • कार्यकारी सदस्य - नेपाल जलविद्युत संघ • प्रवन्ध निर्देशक - न्यादी ग्रुप प्राइभेट लिमिटेड	संस्थापक समुह "क"
७	इजन कुमार बराल गाउंशहर-२ लमजुङ	५६, नेपाली	१,५८,२१९	स्नातक	संचालक - पिपुल्स हाईड्रोपावर कम्पनी लिमिटेड, सन् २०१४ देखि हालसम्म	• अध्यक्ष - सुपर दोर्दी इन्भेष्टमेन्ट कम्पनी लिमिटेड, सन् २०१३ देखि २०२१ सम्म	संस्थापक समुह "क"
८	योगमाया ढ्वा पोखरा-३, कास्की	५९, नेपाली	३३,३१०	एसएलसी	संचालक - पिपुल्स हाईड्रोपावर कम्पनी लिमिटेड सन् २०२१ देखि हालसम्म	• संचालक - धन लक्ष्मी सेभिङ एण्ड क्रेडिट को-ओपरेटिभ लिमिटेड • संचालक - वाटिका सिलाई तालिम केन्द्र	संस्थापक समुह "क" महिला
९	गोकुल श्रेष्ठ धरान-९, सुनसरी	६२, नेपाली	नभएको	स्नातक	संचालक - पिपुल्स हाईड्रोपावर कम्पनी लि., वि.सं २०७७ देखि हालसम्म	• अध्यक्ष - कोशी कन्सर्न, वि.सं २०४५ देखि हालसम्म	स्वतन्त्र संचालक

१०. उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

क्र.सं.	नाम तथा पद	योग्यता	कार्यानुभव
१.	श्री केशव बहादुर रायमाझी प्रवन्ध सञ्चालक	स्नातक वाणिज्य	• प्रवन्ध संचालक - पिपुल्स हाईड्रोपावर कम्पनी लिमिटेड, सन् २००८ देखि हालसम्म • संस्थापक - अपरहेवा खोला हाईड्रोपावर कम्पनी लिमिटेड सन् २०१५ देखि हालसम्म • प्रवन्ध संचालक - चन्द्र सूर्य इन्टरनेशनल प्राइभेट लिमिटेड (चाईना व्यापार), सन् २००३ देखि २०१७ सम्म • महासचिव - बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल, सन् २०२० देखि हालसम्म • अध्यक्ष - जनता बैंक नेपाल लिमिटेड, सन् २०१७ देखि सन् २०१९ सम्म • संचालक - ग्लोवल आई.एम.ई. बैंक लिमिटेड, सन् २०१९ देखि २०२१ सम्म • संचालक - जनता बैंक नेपाल लिमिटेड, सन् २००९ देखि २०१७ गते सम्म • सल्लाहकार - रायमाझी कूलदेवता समिति, सन् २०१२ देखि अहिले सम्म • केन्द्रिय सल्लाहकार - स्वतन्त्र उर्जा उत्पादक संघ नेपाल (IPPAN)
२.	श्री अर्जुन प्रसाद गौतम आयोजना निर्देशक	एसएलसी	• संचालक - पिपुल्स हाईड्रोपावर कम्पनी, सन् २०११ देखि हालसम्म • संस्थापक - अपरहेवा खोला हाईड्रोपावर कम्पनी लिमिटेड • संस्थापक - रिलायवल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड • संस्थापक - लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड • संस्थापक - जनता प्रेस हाउस प्राइभेट लिमिटेड • संस्थापक - ग्लोवल आई.एम.ई. बैंक लिमिटेड • पूर्व महासचिव - नेपाल हिमालय सिमापार वाणिज्य संघ
३.	श्री बाबुकृष्ण भण्डारी आयोजना प्रबन्धक	स्नातकोत्तर, जियोलोजी	• आयोजना प्रवन्धक, पिपुल्स हाइड्रोपावर कम्पनी लि. २०७३ देखि हालसम्म • उप निर्माण प्रवन्धक, माथिल्लो तामाकोशी जलविद्युत आयोजना,२०६८ देखि २०७३ सम्म • सिनियर भुगर्भवेत्ता माथिल्लो तामाकोशी जलविद्युत आयोजना २०६५ देखि २०६८ सम्म ।

११. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार ९ (नौ) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति देहाय बमोजिम रहेको छ ।

संस्थापक शेयरधनीहरुबाट मनोनित वा निर्वाचित	५ जना
सर्वसाधारण शेयरधनीहरु (स्थानीय बासिन्दा तथा संस्थापक संस्थाका कर्मचारी शेयरधनीहरु समेत) बाट निर्वाचित	२ जना
स्वतन्त्र व्यवसायिक सञ्चालक	२ जना
जम्मा	९ जना

नोटः कम्पनी ऐन २०६३ को दफा ८६ को उपदफा (२) मा भएको व्यवस्थाको अधिनमा रहि शेयर सर्वसाधारणमा बाँडफाँड नहुँदा सम्मको लागि संचालक समितिमा ९ जना रहेको । कम्पनीको सर्वसाधारण शेयरधनी समुहको शेयर निष्काशन तथा बाँडफाँड सम्पन्न भए पश्चात् कानुन बमोजिम संचालक समितिमा माथि उल्लेख गरिए अनुसार प्रतिनिधित्व रहने गरि संचालक समितिको गठन गरिनेछ ।

संचालक हुनका लागि लिनुपर्ने न्यूनतम शेयर संख्या :

कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । तरसंगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक र स्वतन्त्र सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

१२. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

१३. सञ्चालन अवधि तीन बर्ष व्यतित भई सकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतित भई नसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको नाफा-नोक्सान, वासलात सहितको संक्षिप्त विवरण:

वासलात

(रकम रु.हजारमा)

विवरण	वास्तविक			*आ.व. २०७८/७९ आषाढ मसान्त	प्रक्षेपित		
	आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व. २०७७/७८		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२
सम्पत्ति							
गैह्र चालु सम्पत्ति							
मेशिनरी, प्लान्ट तथा औजार	५१,७००	५०,६५०	८५,५८२	७७,२२७	१०,१३०,२५०	९,७८०,९३१	९,४३१,६१२
कार्य प्रगति (Work in progress)	२,०९१,७१२	३,२२५,७३८	५,७९२,२९९	८,१२३,१९२	-	-	-
अदृश्य सम्पत्ति	-	-	-	-	-	-	-
कुल गैह्र चालु सम्पत्ति	२,१४३,४१३	३,२७६,३८८	५,८७७,८८१	८,२००,४१९	१०,१३०,२५०	९,७८०,९३१	९,४३१,६१२
लगानी (हिमचुली दोर्दी प्रोजेक्ट, अपर हेवा तथा अन्य)	४०,८२५	५३,९५९	८९,७६१	८९,९८९	८३,०००	८३,०००	८३,०००
चालु सम्पत्ति							
नगद तथा बैंक मौज्दात	१,५५३	२६,४१४	१४,०२६	१२,४५७	३८,२२१	४५८,१८६	६०४,४८४
पाउनुपर्ने	-	-	-	-	३४९,८११	३६०,३०५	३७०,७९९
व्यपारिक तथा अन्य अग्रिम प्राप्ति	६८४,२२७	१,११३,१८८	७८२,६७३	६६५,४७५	१०,०००	१०,०००	१०,०००
कुल चालु सम्पत्ति	६८५,७८०	१,१३९,६०२	७९६,६९९	६७७,९३२	३९८,०३२	८२८,४९१	९८५,२८३
कुल सम्पत्ति	२,८७०,०१८	४,४६९,९४९	६,७६४,३४२	८,९६८,३४०	१०,६११,२८२	१०,६९२,४२२	१०,४९९,८९५
पूँजी तथा दायित्व							
पूँजी							
शेयर पूँजी	६४६,३०३	६४६,३०३	१,८८०,२५७	२,४००,०००	३,२००,०००	३,२००,०००	३,२००,०००
शेयर आवेदन रकम	१,१०९,७७५	१,२४४,७५६	९४,३८४	-	-	-	-
जगेडा	-	-	-	-	११२,७२३	२४२,२२६	४५४,३२२
कुल पूँजी	१,७५६,०७७	१,८९१,०५९	१,९७४,६४१	२,४००,०००	३,३१२,७२३	३,४४२,२२६	३,६५४,३२२
गैह चालु दायित्व							
आवधिक ऋण	६६४,०७८	२,२६५,९६६	४,१३१,४८५	५,५२४,२६३	७,०१८,५५८	६,६५०,१९६	६,२४५,५७३
व्रिज ग्याप ऋण (कार्यशिल पूँजी)	३७९,७४३	२२४,५५९	३७६,९५७	६१४,४७४	१००,०००	१००,०००	१००,०००
कुल गैह चालु दायित्व	१,०४३,८२०	२,४९०,५२५	४,५०८,४४२	६,१३८,७३७	७,११८,५५८	६,७५०,१९६	६,३४५,५७३
चालु दायित्व							
चालु दायित्व तथा व्यवस्था	७०,१२०	८८,३६६	२८१,२५९	४२९,६०३	२०,०००	२०,०००	२०,०००
प्रस्तावित लाभांश	-	-	-	-	१६०,०००	४८०,०००	४८०,०००
कुल चालु दायित्व	७०,१२०	८८,३६६	२८१,२५९	४२९,६०३	१८०,०००	५००,०००	५००,०००
कुल	२,८७०,०१८	४,४६९,९४९	६,७६४,३४२	८,९६८,३४०	१०,६११,२८१	१०,६९२,४२२	१०,४९९,८९५

नाफा-नोक्सान हिसाब

(रकम रु.हजारमा)

विवरण	वास्तविक			*आ.व. २०७८/७९ आषाढ मसान्त	प्रक्षेपित		
	आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व. २०७७/७८		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२
आय							
विद्युत बिक्रीबाट प्राप्त आय	-	-	-	-	१,१५२,९९८	१,७५३,९२२	१,८०५,००८
अन्य आम्दानी	-	-	-	-	-	-	-
कुल आय	-	-	-	-	१,१५२,९९८	१,७५३,९२२	१,८०५,००८
घटाउने							
रोयल्टि खर्च	-	-	-	-	२८,४६०	४०,४७८	४१,५००
प्राथमिक निष्काशन खर्च	-	-	-	-	६,०००	-	-
बैंक शुल्क	-	-	-	-	७,०१८	६,६५०	६,२४६
परियोजना सञ्चालन तथा प्रशासनिक खर्च	-	-	-	-	६१,२२८	८१,६३७	८४,०८६
सञ्चालन मुनाफा/(नोक्सान)	-	-	-	-	१,०५०,२९२	१,६२५,१५७	१,६७३,१७६
ब्याज खर्च	-	-	-	-	५१२,२५३	६५३,८९७	६१७,६३६
ह्रास कट्टि	-	-	-	-	२५९,७५०	३४९,३१९	३४९,३१९
बोनस तथा कर अघिको नाफा/(नोक्सान)	-	-	-	-	२७८,२८९	६२१,९४१	७०६,२२१
घटाउने							
कर्मचारी बोनस	-	-	-	-	५,५६६	१२,४३९	१४,१२४
बोनस तथा कर अघिको नाफा/(नोक्सान)	-	-	-	-	२७२,७२३	६०९,५०२	६९२,०९७
चालु कर	-	-	-	-	-	-	-
स्थागन कर	-	-	-	-	-	-	-
खुद नाफा/(नोक्सान)	-	-	-	-	२७२,७२३	६०९,५०२	६९२,०९७
नाफा नोक्सान बाँडफाँड हिसाब							
नाफा नोक्सान खाताको शुरु मौज्दात	-	-	-	-	-	११२,७२३	२४२,२२६
खुद नाफा/(नोक्सान)	-	-	-	-	२७२,७२३	६०९,५०२	६९२,०९७
जम्मा	-	-	-	-	२७२,७२३	७२२,२२५	९३४,३२३
लाभाँश भुक्तानी	-	-	-	-	(१६०,०००)	(४८०,०००)	(४८०,०००)
वासलातमा सारिएको नाफा	-	-	-	-	११२,७२३	२४२,२२५	४५४,३२३

*आ.व. २०७८/७९ असार मसान्तसम्मको लेखापरीक्षक तथा व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत विवरणहरु हुन् ।

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ

(रकम रु.हजारमा)

विवरण	वास्तविक			अपरिष्कृत आ.व. २०७८/७९ आषाढ मसान्त	प्रक्षेपित		
	आ.व.०७५/७६	आ.व.०७६/७७	आ.व.०७७/७८		आ.व.०७९/८०	आ.व.०८०/८१	आ.व.०८१/८२
चुक्ता पूँजी	१,७५६,०७७	१,८९१,०५९	१,९७४,६४१	२,४००,०००	३,२००,०००	३,२००,०००	३,२००,०००
जगेडा तथा कोषहरु	-	-	-	-	११२,७२३	२४२,२२६	४५४,३२२
कुल नेटवर्थ	१,७५६,०७७	१,८९१,०५९	१,९७४,६४१	२,४००,०००	३,३१२,७२३	३,४४२,२२६	३,६५४,३२२
शेयर संख्या (हजारमा)	१७,५६१	१८,९११	१९,७४६	२४,०००	३२,०००	३२,०००	३२,०००
प्रति शेयर नेटवर्थ (रु.)	१००	१००	१००	१००	१०३.५२	१०७.५७	११४.२०
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००	१००
नाफा-नोक्सान	-	-	-	-	२७२,७२३	६०९,५०२	६९२,०९७
प्रति शेयर आम्दानी (रु.)	-	-	-	-	८.५२	१९.०५	२१.६३
नेटवर्थमा औसत प्रतिफल	-	-	-	-	८.२३%	१७.७१%	१८.९४%

नोटः प्रति शेयर नेटवर्थ गणना गर्दा आयोजना संचालन पश्चात् नाफा-नोक्सान हिसाव तयार हुने भएकोले सोही बमोजिम प्रस्तुत गरिएको छ ।

उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनी एस.बि.के.सी एण्ड एसोसिएट्सका चार्टर्ड एकाउन्टेन्ट सिए श्री सुरेन्द्र बहादुर के.सी. ले प्रमाणित गर्नुभएको छ ।

विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल : नभएको ।

१४. सकारात्मक पक्षहरु :

(१) आयोजनाबाट प्राप्त हुने आयमा पहिलो १० वर्ष शत् प्रतिशत आयकर छुट हुने तथा सो पश्चात् अर्को ५ वर्ष ५० प्रतिशत आयकर छुट रहेको ।
(२) यस जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बिमा गरिएको ।
(३) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।
(४) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेकोले यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।
(५) संस्थापक शेयरधनीहरु जलविद्युत क्षेत्रमा अनुभवी व्यक्तिहरु तथा संस्था भएको ।

१५. अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम:**
- आयोजनाको निर्माणको लागि आवस्यक वित्तीय साधनको प्रवन्ध भईसकेको र आयोजना निर्माणको अन्तिम चरणमा रहेको हुँदा वित्तीय साधनको अभावको अवस्था रहेको छैन । भविश्यमा नयाँ आयोजनाहरुमा लगानी गरिने भएमा उपयुक्त वित्तीय साधनको व्यवस्थापन गरी लगानी गरिनेछ ।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम:**
- जलवायु परिवर्तन वा अन्य कारणले नदीको वहावमा परिवर्तन आउन सक्ने सम्भावना रहन्छ, जुन कम्पनीको नियन्त्रण बाहिरको विषय हो । तर, आयोजनाको निर्माण गर्दा लामो अवधिको हाईड्रोलोजीको डाटाको अध्ययन तथा विश्लेषणको आधारमा क्षमता निर्धारण गरिएको हुँदा तत्काल यस प्रकारको समस्या आउने सम्भावना न्यून रहेको छ ।
- आयोजनालाई चाहिने अन्य कच्चा पदार्थहरु सिमेन्ट, फलाम, मेशिन, छड जस्ता कच्चा पदार्थहरुको व्यवस्थापन भइरहेको हुनाले कच्चा पदार्थको अभाव हुने अवस्था छैन ।

(ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम:** यस आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भएको हुँदा विद्युत बिक्रिको सुनिश्चितता रहेको छ । नेपालमा विद्युतको माग बढी रहेको र छिमेकी मुलुकमा समेत विद्युत निर्यात गर्न सकिने प्रवल सम्भावना रहेको हुँदा बजारको स्थितिमा आउने परिवर्तनहरु थप सकारात्मक हुने देखिएको छ । विद्युत खरिद सम्झौताको प्रावधान अनुसार आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सुनिश्चिता गरेको छ ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (CostOverrun)को जोखिम:** COVID-19 का कारण आयोजनामा केही ढिलाई भएको छ । यस ढिलाईबाट सो अवधिको विद्युत विक्री आय प्रभावित हुनेछ । तर, आयोजना निर्माणको अन्तिम चरणमा रहेको हुँदा यस विवरणपत्रमा उल्लेखित आयोजना लागत रु.१ अर्ब ५९ करोड बढ्ने सम्भावना रहेको छ । त्यसैगरी यस ढिलाईबाट विद्युत खरिद दरमा कुनै प्रतिकुल असर पर्ने छैन ।

(ङ) **विदेशी विनिमयको जोखिम:** कम्पनीले प्रवर्द्धन गरिरहेको आयोजनाको ईलेक्ट्रोमेकानिकल सम्बन्धी उपकरण, संरचना निर्माण तथा जडान आदि कार्यका लागि कम्पनीले चीनियाँ ठेकेदार र अस्ट्रियासँग गरेको सम्झौता बमोजिम अमेरिकी डलर तथा युरोमा रकम भुक्तानी गर्नु पर्ने भएकोले सो हदसम्म विदेशी विनिमयको जोखिम रहेको छ, जुन कम्पनीको नियन्त्रणभन्दा बाहिरको विषय हो ।

(च) **कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु:** आयोजना निर्माणका लागि कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरी इजाजतपत्रहरु प्राप्त गरी सकेको छ । यस प्रकारको अवरोधहरु रहेको छैन ।

(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम:** यस्तो जोखिम नरहेको ।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम:** कर, भन्सार, विद्युतीय उपकरणहरु आयातमा कुनै पनि सरकारी नीतिगत परिवर्तन भएमा आयोजनाको संचालन चरणमा यस्ता जोखिम रहने ।

(झ) **सञ्चालन इतिहासको अभाव :** कम्पनीका संस्थापकहरु जलविद्युत क्षेत्रमा लामो समय देखि कार्य गर्दै आएका अनुभवी व्यक्तिहरु तथा संस्था भएको हुनाले यस्तो जोखिम न्यून रहेको ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम:** आयोजनामा प्रयोग भएका प्रविधिहरुमा पछि परिवर्तन भएको खण्डमा मात्रै विद्युत गृह संचालनको क्रममा भविश्यमा केही प्रभाव पर्न सक्ने हुन्छ । तर यस्तो प्रकारको जोखिम ज्यादै न्यून हुने र सहजै सम्बोधन गर्न सकिने हुन्छ । आयोजनाले संचालनको चरणमा आवश्यक मात्रामा उपकरण तथा पार्टपुर्जाहरु जगेडामा समेत राख्ने व्यवस्था गरिएको छ ।

(ट) **पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम:** पुर्वाधारको व्यवस्था सम्पन्न भई सकि हाल आयोजना निर्माणाधीन अवस्थामा रहेता पनि वर्षायाममा पहुँच सडकमा पुग्न जाने क्षतीको कारण आयोजनाको निर्माणमा ढिलासुस्तीको जोखिम रहनेछ ।

(ठ) **अन्य :**
- खडेरी, अनावृष्टि, अतिवृष्टि, जलस्रोतको मुहानमा अप्रत्याशित परिवर्तन, जलवायु परिवर्तनका कारण हुने अनपेक्षित वातावरण परिवर्तन आदिका कारण पानीको स्रोतमा कमी आएमा उत्पादन क्षमतामा कमी आउन सक्ने ।
- प्राकृतिक प्रकोप तथा नियन्त्रण बाहिरका परिस्थितिहरु सृजना भई आयोजनाको भौतिक संरचना तथा उपकरणहरुमा क्षति पुऱ्याएमा खर्च वृद्धि हुन सक्ने तथा व्यावसायीक आम्दानीमा कमी हुन सक्ने ।
- प्रशारण लाईनमा हुन सक्ने प्राविधिक वा यान्त्रिक गडवडीका कारण उत्पादित विद्युत आपूर्ति अवरुद्ध हुन सक्ने ।
- विद्युत केन्द्रमा जडित मेसिन तथा यान्त्रिक उपकरणहरुमा हुने खराबीका कारण विद्युत उत्पादन तथा आपूर्ति अवरुद्ध हुन सक्ने ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ ।

नेपालमा उर्जा शक्तिको माग धेरै भए तापनि आपूर्ति न्यून रहेको र नेपाल जलस्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोतभन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको व्यवस्थापनको धारणा रहेको छ । साथै उर्जा विभिन्न श्रोत जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलस्रोत आदिबाट प्राप्त गर्न सकिन्छ । यसमध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखिम रहेको व्यवस्थापनको धारणा रहेको छ । सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न प्रयोग गरिने यन्त्र, उपकरणहरुको ह्रासकट्टि खर्चको व्यवस्थाका साथै यस कम्पनीको जलविद्युत केन्द्रहरुको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको निर्माण जोखिमलाई न्युनीकरण गर्न बीमा गरिएको छ । साथै, नियमित तथा आकस्मिक रुपमा मेसिनरी, उपकरण, सिभिल संरचना तथा प्रशारण लाईन आदिको निरिक्षण र मर्मत सम्भार गरिने व्यवस्था मिलाउनुका साथै जलविद्युत केन्द्रहरुको नियमित मर्मत सम्भारका लागि आवश्यक पर्ने जगेडा पार्ट-पूर्जा (Spare Parts) को उचित व्यवस्था गरिएको छ । सम्भावित जोखिमहरुलाई न्यूनिकरण गर्नका लागि कम्पनीले गरेका विमाहरु सम्बन्धी विवरण तपसिल बमोजिम रहेको छ ।

क्र.सं.	बीमा कम्पनीको नाम	पोलिसी नं.	बीमाको शीर्षक	बीमा गरिएको रकम (रु. मा)	बीमा बहन गर्ने जोखिम	प्रिमियमको रकम (रु. मा)	पछिल्लो पटक प्रिमियम भुक्तानी गरेको मिति	बीमाको बैधता	कैफियत
१.	अजोड इन्स्योरेन्स	KTM/19/20CAR/00077	CAR(Contractor's All Risk Endorsment)	१,४२,६८,४५,७२५।२६	ठेकेदारको सबै जोखिम	२५,५८,३६०।७९	२६।०१।२०२२	२५।०१।२०२३	बज्रगुरु कन्स्ट्रक्सन प्रा.लि.
२	अजोड इन्स्योरेन्स	KTM/19/20CAR/00077	CAR(Contractor's All Risk)	३१९,१४५,१४७।८५	ठेकेदारको सबै जोखिम	५,१५,७०६।६४	२५।०५।२०२२	२५।०१।२०२३	बज्रगुरु कन्स्ट्रक्सन प्रा.लि.
३.	एनएलजि इन्स्योरेन्स	KTM/093G0398/CAR17/00001	CAR(Contractor's All Risk)	१,२३,३८,११,७५१।४७	ठेकेदारको सबै जोखिम	२५,९९,०३०।००	१६।०७।२०२२	१५।०७।२०२३	हाइ हिमालय हाइड्रो कं.प्रा.लि.
४	नेको इन्स्योरेन्स	HO.CAR/10085/74-75	CAR(Contractor's All Risk)	१,१४,३७,९१,३३३।००	ठेकेदारको सबै जोखिम	४३२३६९५।२७	११।०५।२०२२	१४।०२।२०२३	वि.पि.कन्स्ट्रक्सन प्रा.लि.
५.	एनएलजि इन्स्योरेन्स	PKR/057G0000/CAR14/00129	CAR (Contractor's All Risk)	३७,३४,४८,९७९।००	ठेकेदारको सबै जोखिम	१०,५५,०२३।३७	२४।०५।२०२२	२७।०५।२०२३	माछापुच्छ्रे मेटल वर्क्स
६	अजोड इन्स्योरेन्स	KTM/21/22/EAR/00029	EAR (Errection All Risk)	६५२,१५९,०००।००	निर्माण सम्बन्धी सबै जोखिम	३३,८२,५७५।६९	०८।०६।२०२२	०७।१२।२०२३	HZGE-Seri
७	HDI	1699020(EAR) 1485569 (General Liability)	EAR (Errection All Risk)	५३५०,०००.००EUR	निर्माण सम्बन्धी सबै जोखिम		०९।०३।२०२२	०१।०१।२०२३	Geppert GmbH
८	अजोड इन्स्योरेन्स	HO2/21/22/EAR/00001	EAR (Errection All Risk)	१२,२८,५२,२६३।७२	निर्माण सम्बन्धी सबै जोखिम	८,४९,६१९।७१	०६।०३।२०२२	०५।०३।२०२३	पिपुल्स हाइड्रोपावर कं. लि.
९	अजोड इन्स्योरेन्स	HO2/21/22/AI/00004	AI (Assets Insurance)	१९,४०,४९,३९१।८२	भवन परिसन तथा अन्य सामानहरुको सुरक्षा	३,९४,७१९।०६	२४।०७।२०२२	२३।०७।२०२३	पिपुल्स हाइड्रोपावर कं. लि.
१०	अजोड इन्स्योरेन्स	HO3/21/22/AI/00007	AI (Assets Insurance)	२,७७,०५,२५२।६२	विद्युत उत्पादन स्टेसनमा रहेका सामानहरुको सबै जोखिम	५७,९४०।४३	१७।०८।२०२२	१६।०८।२०२३	पिपुल्स हाइड्रोपावर कं. लि.

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम : प्रति शेयर अंकित मूल्य रु.१००/- का दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

१६. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :** यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

१. शेयर बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई १० (दश) कित्ताको दरले बाँडफाँड गरिने छ ।
२. बुँदा (१) बमोजिम बाँडफाँड गरे पश्चात् बाँकी रहेको निष्काशित शेयर आवेदकहरुलाई पूनः १० (दश) कित्ताको दरले बाँडफाँड गरिने छ ।
३. बुँदा (२) बमोजिम शेयर बाँडफाँडको प्रकृया सम्पन्न भए पश्चात् धितोपत्र बाँकी भएमा सोहि प्रकृया अपनाई बाँडफाँड गरिने छ ।
४. उपरोक्तानुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरी गोला प्रथाबाट आवेदक छनौट गरि गरिने छ ।
५. शेयर बाँडफाँड सफ्टवेयर तथा बाँडफाँड तालिकाका सम्बन्धमा नियमानुसार बोर्डलाई जानकारी गराईनेछ ।
६. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोलि पल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइने छ ।
७. कम्पनीका कर्मचारीहरुलाई शेयर बाँडफाँड गर्दा कम्पनीको सञ्चालक समितिको निर्णय बमोजिम गरिनेछ ।
८. आयोजना प्रभावित क्षेत्र (अति प्रभावित तथा प्रभावित क्षेत्र) तथा कर्मचारीलाई छुट्याइएको शेयर न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकी रहेको शेयर सर्वसाधारण समुहमा थप गरी बाँडफाँड गरिनेछ । साथै, सर्वसाधारण समुहबाट समेत न्यून माग भएमा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकी रहेको शेयरकम्पनी र प्रत्याभुतिकर्ता वीच भएको प्रत्याभूती सम्बन्धी सम्झौता बमोजिम प्रत्याभूतिकर्ताले खरिद गर्नेछ ।
९. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु लाई सुरक्षित गरिएका शेयर मध्ये अति प्रभावितक्षेत्रका बासिन्दालाई छुट्याएको शेयर सोही क्षेत्रका आवेदकलाई तथा कम प्रभावित क्षेत्रका बासिन्दालाई छुट्याएको शेयर सोही क्षेत्रका आवेदकलाई मात्र बाँडफाँड गरिनेछ ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था:** शेयर बापतको आवेदन लिने कार्य धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) मा भएको व्यवस्था बमोजिम सहभागि बैंक तथा वित्तीय संस्थाहरुबाट हुनेछ । उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँड गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँड भएको शेयर बापतको रकम मात्र माग गरी बाँकी रकम सोही खातामा कानुन बमोजिम सहभागी बैंकबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईनेछ । **नोटः स्थानीय बासिन्दाहरुको हकमा आश्वा सेवाको व्यवस्था नरहेको ।**

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर** :"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने ब्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्काशनमा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएको, जस अनुसार आवेदकको बैंक खाताको रकम रोक्का हुने व्यवस्था रहेको ।

(घ) **धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधी** : निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात् "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण** :सो नभएको ।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरिद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण** : यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरी दोस्रो बजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गरी कारोवार हुने व्यवस्था मिलाइनेछ । साथै सूचिकरण पश्चात आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुतथा निष्काशनकर्ता कम्पनीका कर्मचारीहरुका लागि छुट्याई निष्काशन गरिएको साधारण शेयर तोकिएको समयावधिसम्म खरिद विक्री गर्न नमिल्ने गरी हितग्राही खातामा जम्मा गर्ने व्यवस्था मिलाइने छ ।

१७. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा हितग्राही परिचय नम्बर र बैंक खाता मार्फत कारोबार गरिनु पर्ने जस्ता पक्षहरु :

कम्पनीको आयोजनास्थल रहेको लमजुङ्ग जिल्लाको अति प्रभावित क्षेत्र दोर्दी गाउँपालिकाको वडा नं. ६ र ७ (तत्कालिन ढोढेनी र फलेनी गा.वि.स.) मा स्थायी बसोवास गर्ने नेपाली नागरिकहरु तथा सम्पूर्ण लमजुङ्ग जिल्ला बासिहरुलेयस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

१. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी आयोजना क्षेत्रका बासिन्दा प्रमाणित गर्ने नागरिकता वा स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।
२. १६ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नु पर्नेछ ।
३. १६ वर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नावालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।
४. विवाह भै आएका महिलाका हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनु पर्नेछ ।
५. बसाईं सराई गरी आएको हकमा आह्वानपत्र प्रकाशित हुनुभन्दा अगावै बसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनुपर्नेछ ।
६. माथि उल्लेखित हुन छुटेका विवरण प्रक्रियामा विवाद आएमा सम्बन्धित स्थानीय निकायको निर्णय सहितको सिफारिस पत्र ।
७. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानुन बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।
८. धितोपत्र खरिद गर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागि दरखास्त बुझाउनु पर्नेछ ।
९. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।
१०. एक व्यक्तिले आफूले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा पहिलो आवेदनलाई मान्यता दिई त्यसपछिको आवेदनलाई रद्द गरिनेछ ।
११. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरुमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ ।
१२. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन् ।
१३. सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।
१४. रु.५०,०००/- भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।
१५. रु.५ लाखसम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फारममा खुलाउनु पर्नेछ । यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।
१६. दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फारम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्नै खाताको एकाउण्ट पेयी चेक बुझाउनु पर्नेछ ।
१७. दरखास्त फाराममा सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा हितग्राही खाता नं. उल्लेख गर्नुपर्नेछ ।

१८. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सोभन्दा माथि लिने भएमा कुन गुणांकमा लिन सक्ने हो सो सम्बन्धी विवरण:

१. यस कम्पनीको प्रवन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा.-१०, बुद्धनगर, काठमाण्डौ वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल, काठमाण्डौमा सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिनेछ ।
२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरका लागि सर्वसाधारणहरुले दरखास्त दिंदा न्युनतम १० कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १००,००० कित्ता साधारण शेयर खरिद गर्नका लागि आवेदन दिन सकिने छ ।

१९. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण :

यस विवरण मार्फत सर्वसाधारण (स्थानीय बासिन्दाहरु समेत) मा निष्काशन गरिने ८०,००,००० कित्ता शेयर बराबरको रकम देहाय बमोजिमका कार्यका लागि खर्च गरिनेछ ।

क्र.सं.	विवरण	रकम रु.
१	सिभिल निर्माण खर्च	३४,००,००,०००
२	हाइड्रोमेकानिक खरिद तथा जडान खर्च	२०,००,००,०००
३	विद्युत प्रसारण लाइन निर्माण खर्च	८,००,००,०००
४	प्रशासनिक तथा ईन्जिनियरिङ्ग व्यवस्थापन खर्च	१६,००,००,०००
५	अन्य	२,००,००,०००
	जम्मा	८०,००,००,०००

२०. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थानहरु :

क्र.सं.	विवरणपत्र हेर्न तथा प्रप्त गर्न सकिने स्थानहरुः
१.	सानिमा क्यापिटल लिमिटेड, सममार्ग, नक्साल-१, काठमाण्डौ । वेभसाइट www.sanima.capital
२.	पिपुल्स् हाइड्रोपावर कम्पनी लिमिटेड, का.म.न.पा.-१०, बुद्धनगर, काठमाण्डौ । वेभसाइट www.peopleshydro.com.np
३.	पिपुल्स् हाइड्रोपावर कम्पनी लिमिटेडको आयोजनास्थल, दोर्दी गाँउपालिका वडा नं. ६, लमजुङ्ग ।
४.	नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर र वेभसाइट : www.sebon.gov.np

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फारम प्राप्त गर्न र बुझाउन सकिने व्यवस्था गरिएको छ।

क्र.सं.	संकलन केन्द्रहरुको नाम, ठेगाना	सम्पर्क व्यक्ति	सम्पर्क नं.
१.	श्री ग्लोवल आइएमई बैंक लिमिटेड, दोर्दी शाखा, लम्जुङ्ग	सन्दिप सेढाई	९८४६१४८२९३
२.	श्री ग्लोवल आइएमई बैंक लिमिटेड, एक्टेन्सन काउण्टर हिले, लम्जुङ्ग	हिरा कुमार मोक्तान	९८४१३४२१७०
३.	श्री ग्लोवल आइएमई बैंक लिमिटेड, भोर्लेटार शाखा, लमजुङ्ग	विकाश थापा	९८२४४९६८२१
४.	श्री एनएमबि बैंक लिमिटेड, भोटेवडार, लम्जुङ्ग	अन्जु श्रेष्ठ	९८४६३१४२१७
५.	श्री सिद्धार्थ बैंक लिमिटेड, बेसीसहर शाखा, लम्जुङ्ग	रन्जु शर्मा, जनक अधिकारी	९८४११९२७३३, ९८५१२३८००८
६.	श्री सिभिल बैंक लिमिटेड, भुलभुले शाखा, लम्जुङ्ग	राजेश अधिकारी, निस्चल श्रेष्ठ	९८६९६६५९४६, ९८०६५१९६९४
७.	पिपुल्स् हाइड्रोपावर कम्पनी लिमिटेडको आयोजना स्थल, किर्तिपुर, दोर्दी गाँउपालिका वडा नं. ६ लमजुङ्ग	टिकाराम घले	९८४६१९३१४६

आवश्यकता अनुसार जानकारी गराएर अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ । साथै दरखास्त फारम रु.२/- (स्थानियवासीको हकमा मात्र) भुक्तानी गरि प्राप्त गर्न सकिनेछ ।

नोटः आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको हकमा आस्वा मार्फत आवेदन फाराम बुझाउने व्यवस्था नरहेको ।

२१. निष्कासन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्कासनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

सि.नं.	निष्कासन बैंकको नाम, ठेगाना	खाताको नाम	खाता नं.
१.	श्री सानिमा बैंक लिमिटेड, नक्साल, काठमाडौं	SANIMA CAPITAL LTD (Peoples IPO)	९०९०१००१००००१७२

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य बाणिज्य बैंक तथा राष्ट्रियस्तरको विकास बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

२२. धितोपत्र बिक्री खुल्ला अवधि :

यस विवरणपत्रद्वारा आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि निष्काशन गरिने शेयरहरुको लागि आवेदन दिने अवधि निष्काशन तथा बिक्री खुल्ला भएको मितिवाट कम्तीमा १५ दिन र बढिमा ३० दिनसम्म खुल्ला रहनेछ ।

२३. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सोको समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक सानिमा क्यापिटल लिमिटेड, सममार्ग, नक्साल-१, काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको छ । कुनै पनि लगानीकर्ताले यस निष्काशनसंग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि सानिमा क्यापिटल लिमिटेडका मर्चेण्ट बैंकिङ्ग प्रमुख रश्मी रिजालललाई निजकै कार्यकक्षमा वा कार्यालय समयभित्र ४५४०५०८ (एक्स. १०१) मा सम्पर्क गर्न सकिनेछ । साथै लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सकेनेछन्ः फोन नं. ४५४०५०८ र इमेल : sanimacapital@sanimabank.com

दरखास्त फारमको नमूना



पिपुल्स् हाइड्रोपावर कम्पनी लिमिटेड
Peoples Hydropower Company Limited
साधारण शेयर खरिद दरखास्त फाराम
SanimaCapital
यो रसिद हराई अकलि भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।
SanimaCapital
रसिद
दरखास्तवालाले भर्नुपर्ने

Applicant's Name	
Company's Name	Peoples Hydropower Company Limited
No. of Shares Applied	Call Money per Share Rs.100 Amount Deposited (Rs.)
Amount in Words	

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

SanimaCapital
(A wholly owned subsidiary of Sanima Bank Ltd.)
केन्द्रीय कार्यालयः सममार्ग, नक्साल-१, काठमाण्डौ, फोन नं. ०१-४५४०५०८/०१-४५३६३७५/०१-४५३५९३६
Email: sanimacapital@sanimabank.com Website: www.sanima.capital